बैठक संख्याः

श्री

आज मिति २०७९ साल असोज ९ गते दिउसो २:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप– प्रमुख | उप-प्रमुख |
| ३. | | श्री कृष्ण प्रसाद सापकोटा, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुरव थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | सुमित्रा | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी देवी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | रिता | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |

२८. शरद पौड्याल - संयोजक

२९ पितामबर तामकोटा [illegible]

३०, कृष्ण हरि पौडेल [illegible] अधिकृत

३१ बिष्णुलाल पुरी लै.अ.

३२. [illegible]

३३. सुदर्शन आचार्य सु.प.ल.

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

प्रस्तावहरु

१. अघिल्लो कार्यापालिकाको निर्णय कार्यन्वयनको समीक्षा सम्बन्धमा ।
२. बजेट बाँडफाँड सम्बन्धमा ।
३. नगर विकास समिति गठन सम्बन्धमा ।
४. फोहोरमैला व्यवस्थापन वोर्ड गठन सम्बन्धमा ।
५. रोजगारीको हक सम्बन्धी निर्देशक समिति गठन सम्बन्धमा ।
६. सडक वत्तिको महसुल सम्बन्धमा ।
७. वार्षिक खरिद योजना र कार्ययोजना सम्बन्धमा ।
८. नगर दररेटमा आईटम थप गर्ने सम्बन्धमा ।
९. आर्थिक ऐनमा थप स्पष्टता सम्बन्धमा ।
१०. कृषि गणनाको तथ्याङ्क सम्बन्धमा ।
११. कृषि उपज संकलन केन्द्र स्थापना सम्बन्धी कार्यविधि सम्बन्धमा ।
१२. वडागत रुपमा अपाङ्ग परिचय पत्र वितरण सम्बन्धमा ।
१३. वडागत रुपमा व्यवसाय दर्ता सम्बन्धमा ।
१४. मालपोत र नापी कार्यालय स्थापनाको लागि माग गर्ने सम्बन्धमा ।
१५. वातावरणीय परीक्षण सम्बन्धमा ।
१६. योजना छनौट सम्बन्धमा ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

निर्णयहरु :

निर्णय नं. १:

- बर्दघाट नगरपालिका नगर कार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्था संतोषजनक रहेको ।

निर्णय नं. २:

- चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ. व.२०७९/०८०) को **वडा कार्यालय निर्माण सम्पन्न गर्ने** शीर्षकमा (ब. सि. नं. १६२) छुट्टाईएको बजेट रु. ७५,००,०००/- (रु पचहत्तर लाख रुपैया) लाई देहाय बमोजिम बाँडफाँड गर्ने ।

| सि.नं | वडा नं | लागत अनुमान | छुट्टाउनु पर्ने रकम | विद्यमान अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४ | २६,००,०००/- | २६,००,०००/- | फिनिसिङ्ग गर्नुपर्ने | |
| २ | ५ | २१,००,०००/- | २१,००,०००/- | फिनिसिङ्ग गर्नुपर्ने | |
| ३ | ८ | ७,००,०००/- | ७,००,०००/- | फिनिसिङ्ग गर्नुपर्ने | |
| ४ | ११ | २१,००,०००/- | १६,००,०००/- | फिनिसिङ्ग गर्नुपर्ने | ५ लाख वडास्तरीय बजेटमा छुट्टाइएको |

- चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ. व.२०७९/०८०) को **विपद् व्यवस्थापन कोष** शीर्षकमा (ब. सि. नं. १६४) छुट्टाईएको बजेट रु. ५०,००,०००/- (रु पचास लाख रुपैया) रकम मध्येबाट यस बर्षको अविरल वर्षाका कारण घोला र खोलामा पानीको वहाव बढ्न गई गाउँवस्तीमा प्रवेश गरेकोले उक्त घोला/खोला सरसफाई गर्न देहाय बमोजिम रकम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | लागत अनुमान | छुट्टाउनु पर्ने रकम | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|---|
| १ | घोला र खोला सरसफाई | ४ | १८,१२,०००/- | १८,००,०००/- | सफाई गर्नु पर्ने | |
| २ | दिव्यनगर खोला तटवन्ध | ४ | २,३१,०००/- | २,३१,०००/- | तटवन्ध गर्नु पर्ने | |
| ३ | घर निर्माण (टोकल ब गुरुङ्गको) | १५ | ४०००/- | ४००००/- | बर्षाले भत्किएको | |

- चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ. व.२०७९/०८०) को **विद्यालय निर्माण मर्मत सम्भार तथा रंगरोगन** शीर्षकमा (ब. सि. नं. ७५९) छुट्टाईएको बजेट रु. ५०,००,०००/- (रु पचास लाख रुपैया) रकम नगर शिक्षा समितिबाट सिफारिस भई आएको देहाय बमोजिम रकम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | लागत अनुमान | छुट्टाउनु पर्ने रकम | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|---|
| १ | सरस्वति मा. विमा मर्मत सम्भार तथा रंगरोगन | १४ | १६,००,०००/- | १६,००,०००/- | रंगरोगन गर्नु पर्ने | |
| २ | वाल्मिकि मा. विमा कम्पाउण्डवाल | १ | १०,००,०००/- | १०,००,०००/- | | |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | भद्रकाली प्रा. वि खेल सामाग्री र फर्निचर | २ | २,००,०००/- | २,००,०००/- | | |
| ४ | मैलादेवी प्रा. वि बालकक्षा व्यवस्थापन | २ | २,००,०००/- | २,००,०००/- | | |
| ५ | आम्वास प्रा. विमा वालकक्षा व्यवस्थापन | २ | २,००,०००/- | २,००,०००/- | | |
| ६ | जानकी प्रा. विमा छाना मर्मत तथा रंगरोगन | ३ | ३,००,०००/- | ३,००,०००/- | | |
| ७ | शिरोमणी प्रा. विमा कक्षा कोठा तथा बाटो मर्मत | १० | ६,००,०००/- | ६,००,०००/- | | |
| ८ | जयन्ती प्रा. विमा झ्याल मर्मत तथा ग्रिल | १३ | ३,००,०००/- | ३,००,०००/- | | |
| ९ | गंगा मा. विमा छाना मर्मत तथा रंगरोगन | १४ | ३,००,०००/- | ३,००,०००/- | | |
| १० | राष्ट्रिय मा. विमा चौकिदार कक्ष तथा पार्किङ्ग निर्माण | ६ | ३,००,०००/- | ३,००,०००/- | | |

- चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ. व.२०७९/०८०) को **एम्वुलेन्स जे. सि. वि र दमकल मर्मत** शीर्षकमा (ब. सि. नं. २९) छुट्टाईएको बजेट रु. ८,००,०००/- (रु आठ लाख रुपैया) रकम मध्येबाट देहाय बमोजिम रकम बाँडफाँड गर्ने ।
- 

| सि.नं | योजनाको नाम | लागत अनुमान | छुट्टाउनु पर्ने रकम | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १ | एम्बुलेन्स मर्मत लु. १. झ ४१६ | १,३४,०००/- | १,३४,०००/- | मर्मत गर्नु पर्ने | |

- वार्षिक कार्यक्रम (आ. व.२०७९/०८०)को **मर्मत सम्भार कोष शीर्षक** (ब. सि. नं. १६१) मध्येबाट रु. ६४५०००/- (रु छ लाख पैतालिस हजार रुपैया) बर्दघाट नगरपालिका वडा नं ५ स्थित खानेपानीको टंकीका साथै विद्युत लाइन कक्षको क्षति रोक्न खर्च गर्ने ।

- आर्थिक वर्ष २०७८/०७९ मा विश्वकर्मा मन्दिर ट्रस निर्माण उपभोक्ता समितिलाई मिति २०७९/०३/०२५ मा रु. ३८,२४५/- भुक्तानी गरिएकोमा समयमा चेक नसाटेकोले उक्त रकम संचित कोषमा फिर्ता भएको हुँदा उपभोक्ता समितिलाई विनियोजन भएको मिल्दो शीर्षक चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ. व.२०७९/०८०) को **मठमन्दिर, चर्च मस्जिद, गुम्बा र सामुदायिक भवन मर्मत** शीर्षकमा (ब. सि. नं. १५९) छुट्टाईएको बजेट रु. १०,००,०००/- (रु दश लाख रुपैया) रकम मध्येबाट देहाय बमोजिम रकम भुक्तानी गर्ने ।

| सि.नं | भुक्तानी दिनु पर्नेको नाम | वडा नं | दिनु पर्ने रकम | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १ | विश्वकर्मा मन्दिरमा ट्रस निर्माण उपभोक्ता समिति | १ | ३८२४५/- | भुक्तानी दिनु पर्ने | |

निर्णय नं. ३:

- नगर विकास समिति ऐन, २०४५ (केही नेपाल ऐन संशोधन गर्ने ऐन को दफा ४ बमोजिम गठन हुने नगर विकास समितिमा दफा ४.२ को ४.२.५ बमोजिम नगर कार्यपालिकाका सदस्य मध्येबाट गोविन्द वि. क र प्रकाशचन्द्र अधिकारी तथा सोही दफाको ४.२.६ बमोजिम स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका समाजसेवीहरु मध्येबाट श्री ख्यामकान्त न्यौपाने, बर्दघाट-४ र श्री चन्द्रकला शर्मा, बर्दघाट-१५ लाई मनोनयन गरियो ।

निर्णय नं. ४

- बर्दघाट नगरपालिकाको "फोहोरमैला व्यवस्थापन ऐन २०७४" को दफा २१ बमोजिम गठन हुने फोहोरमैला व्यवस्थापन बोर्डमा नगर कार्यपालिकाबाट सदस्यहरु मनोनित गर्ने प्रावधान रहेकोले स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका समाजसेवीहरु मध्येबाट देहायका व्यक्तिहरुलाई फोहोरमैला व्यवस्थापन वोर्डमा चयन गर्ने ।

तपशिल

- कार्यपालिका सदस्यहरु मध्येबाट - श्री बेधविना तिवारी, वडाध्यक्ष वडा नं ४ र श्री रीता ढुङ्गाना, कार्यपालिका सदस्य
- स्थानीय व्यवसायीहरुको प्रतिनिधिमूलक संघ/संस्थाका प्रतिनिधिहरु मध्येबाट : श्री राम भण्डारी चिसापानी वजार विकास समिति र श्री नरबहादुर थापा, जिमिरेभार वजार विकास समिति
- नगरको फोहोरमैला प्रभावित क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरु मध्येबाट : श्री विष्णु पराजुली र कामेश्वर चौधरी, बर्दघाट-४
- फोहोरमैला व्यवस्थापन र खानेपानी तथा सरसफाई संस्था मध्येबाट : श्री दीपक लम्साल, बर्दघाट खानेपानी तथा सरसफाई उपभोक्ता संस्था र श्री माधव श्रेष्ठ, पञ्चनगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
- नगरपालिकाले तोकेको फोहोरमैला व्यस्थापन सम्बन्धि विज्ञ : श्री शेषकान्त पाण्डे, बर्दघाट-४
- टोल विकास संस्थाहरु मध्येबाट : श्री मोहन वि.क र श्री ललित सुवेदी बर्दघाट-४
- वडास्तरीय सरसफाई समितको संयोजकहरु मध्येबाट श्री बालकृष्ण न्यौपाने, बर्दघाट-४

निर्णय नं. ५

- स्थानीय तहले न्यूनतम् रोजगार प्रदान गर्न तथा नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी काम गर्ने शिलशिलामा प्रत्येक स्थानीय तहमा स्थानीय निर्देशक समिति गठन गर्नु पर्ने भएकोले "रोजगारीको हक सम्बन्धी नियमावली, २०७५" को नियम १४ को प्रावधान बमोजिम यस बर्दघाट नगरपालिकामा देहायको स्थानीय निर्देशक समिति गठन गर्ने ।

| | |
|---|---|
| क) नगर कार्यपालिकाको प्रमुख | - अध्यक्ष |
| ख) नगर कार्यपालिकाको उपप्रमुख | - उपाध्यक्ष |
| ग) वडा अध्यक्ष श्री सन्दीप सापकोटा | - सदस्य |
| घ) वडा अध्यक्ष श्री रुद्रबहादुर आले | - सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य-सचिव |

निर्णय नं. ६:

- यस बर्दघाट नगरपालिकाका विभिन्न टोलहरुमा टोल विकास संस्थालाई परिचालन गरी गत आर्थिक वर्षमा जडान गरीएका सडक वत्तिहरुको मिति २०७९ साल भाद्र महिना सम्मको नियमित रुपमा बुझाउनु पर्ने जरीवाना सहितको महसुल रकम रु ५२,००,०००/-(रुपैया बाउन्न लाख मात्र) हाल सम्म नेपाल विद्युत प्राधिकरण, वितरण केन्द्र, बर्दघाटमा नबुझाईएको पाइएकोले सम्बन्धित वडा अध्यक्षले समयमै उक्त रकम भुक्तानी गर्ने कार्यको अगुवाई गर्ने, वडा भित्रका सडक बत्तिको अभिलेख, अद्यावधिक गरी राख्ने, सम्बन्धित टोल विकास संस्थालाई समयमै सडक वत्तिको महसुल तिर्न निर्देशन दिने । टोल विकास संस्थाले स्वामित्व नलिएका सडक बत्तिको विद्युत वितरण केन्द्रसँग समन्वय गरी तदारुकताका साथ महसुल भुक्तानी गर्ने । सडक वत्तिको महसुल समयमै बुझाउनको लागि सम्बन्धित टोल विकास संस्थालाई उत्प्रेरित गर्ने ।

निर्णय नं. ७:

- आ.व २०७९/०८० मा बर्दघाट नगर कार्यपालिकाको कार्यालयबाट तयार भई आएको "सार्वजनिक खरिद नियमावली, २०६४" को नियम ८ वमोजिमको वार्षिक खरिद योजना, कार्ययोजना र कार्यक्रम कार्यान्वयन कार्यतालिका पारित गर्ने ।

निर्णय नं. ८:

- बर्दघाट नगरपालिकाको आ.व. २०७९/ ०८० मा नगर दररेटमा देहाय वमोजिमको आइटम समावेश नहुँदा योजनाको लागत अनुमान र मूल्याँकन गर्न कठिनाइ भएको हुंदा तपशीलका आइटमलाई नगर दररेटमा समावेश गर्ने ।

तपशिल

बर्दघाट नगरपालिकाको नगर दररेटमा समावेश गरिएका थप आईटमहरु (आ.व २०७९/०८०)

| सि. नं | विवरण | ईकाइ | भ्याट बाहेकको दर | कैफियत |
|---|---|---|---|---|
| 1 | भूईमा विछ्याउने I Shape वा Hexagonal Shape ईन्टरलकिङ्ग व्लक उपलव्ध गराई ५ मी.मी ठोस मोटाईको स्टोन डस्ट र व्लक विच्छ्याउने ज्याला समेत । | | | जिल्ला दररेटमा समावेश नभएको |
| | **Table Vibrator Machine made block** | | | |
| 1.1 | 60mm thick block Gray | प्रति व.मी | 800.00 | |
| 1.2 | 60mm thick block Fully Coloured | प्रति व.मी | 840.00 | - |
| 1.3 | 80mm thick block Gray | प्रति व.मी | 885.00 | |
| 1.4 | 80mm thick block Fully Coloured | प्रति व.मी | 930.00 | |
| | **Hydraulic Machine made block** | | | |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

| | | | | |
|---|---|---|---|---|
| 1.5 | 60mm thick block Gray | प्रति व.मी | 750.00 | |
| 1.6 | 60mm thick block Fully Coloured | प्रति व.मी | 800.00 | |
| 1.7 | 80mm thick block Gray | प्रति व.मी | 840.00 | |
| 1.8 | 80mm thick block Fully Coloured | प्रति व.मी | 885.00 | |
| 2 | Hot Dip Galvanized GI Chain Link Fencing Wire Mesh. | प्रति के.जी. | 170.00 | जिल्ला दररेटमा समावेश नभएको |

निर्णय नं ९

- बर्दघाट नगरपालिकाको आर्थिक ऐन, २०७८ र आर्थिक ऐन, २०७९ मा यस नगरपालिका अन्तर्गत घर नक्सा पास गर्ने सन्दर्भमा जरिवाना लिने सम्बन्धी व्यवस्थामा विद्यमान कानूनमा भएको व्यवस्थालाई थप सपष्टता गर्न आवश्यक देखिएकोले देहाय वमोजिम गर्ने ।

| क्र.स. | ऐनमा भएको विद्यमान व्यवस्था | थप स्पष्ट गरिएको। |
|---|---|---|
| १ | आर्थिक ऐन २०७८, को १२ (ख) मा नक्सा पास दस्तुर तर्फ पुनश्च खण्डमा जुन सुकै क्षेत्रमा कृषि व्यावसाय सँग सम्बन्धित ट्रस निर्माण गर्दा नक्सा पास दस्तुर निः शुल्क गर्ने | • कृषि व्यावसाय सँग सम्बन्धित ट्रस निर्माण गर्दा नक्सा पास दस्तुर निःशुल्क गर्ने प्रावधान आर्थिक ऐन २०७९ मा छुट भएको देखिएकोले चालु आ.ब.मा समेत आर्थिक ऐन २०७८ बमोजिम नै कार्यान्यिन गर्ने । |
| २ | आर्थिक ऐन २०७८, को १२ (ख) मा नक्सा पास दस्तुर तर्फ पुनश्च खण्डमा भवन निर्माण गर्दा अनुमति नलिई १ चरणको घर निर्माण प्रक्रिया अगाडी वढाएको अवस्थामा अनुमति माग्न आएमा निर्माण प्रक्रिया मापदण्ड बमोजिम रहेको अवस्थामा तोकिएको नक्सा पास दस्तुरको थप ५० प्रतिशत निर्माण अनुमति दिन सकिनेछ | • उल्लेखित प्रावधान समेत आर्थिक ऐन २०७९ मा छुट भएको देखिएकोले आर्थिक ऐन २०७८, मा उल्लेखित विषयलाई देहायअनुसार थप स्पषट गरी चालु आ.व.मा कार्यान्वयन गर्ने ।<br>• भवन निर्माण गर्दा अनुमति प्रारम्भिक प्रकृया पुरा गरेको (नक्सा किताव किनेको सूचना टाँस संधियार सूचना र सर्जमिन मुचुल्का उठाएको ) तर अनुमति नलिई प्रथम चरणको घर निर्माण. कार्य अगाडी वढाएको अवस्थामा अनुमति माग्न आएमा निर्माण प्रक्रिया मापदण्ड बमोजिम रहेको अवस्थामा तोकिएको नक्सा पास दस्तुरको थप ६० प्रतिशत दस्तुर लिई निर्माण अनुमति दिन सकिनेछ<br>• अस्थायी इजाजत पत्र लगिसकेको र स्थायी इजाजत पत्र नलिई निर्माण कार्य अगाडि |

| | | |
|---|---|---|
| | | बढाएमा ५० प्रतिशत थप दस्तुर लिई अनुमती दिन सकिनेछ । |
| ३ | आर्थिक ऐन २०७८ को १२ (ख) मा नक्सा पास दस्तुर तर्फ बुँदा नं १८ (क) मा ईजाजत पत्र नलिई निर्माण कार्य सम्पन्न प्रमाणपत्र लिन आएमा नक्सा पास दस्तुरको ३ गुना सम्म थप दस्तुर लाग्नेछ | • अभिलेख प्रमाण पत्र लिने प्रयोजनको लागि भएकोले हाल कार्यान्यवन नगर्ने । |

निर्णय नं १०

- आ.व २०७९/०८० मा बर्दघाट नगर कार्यपालिकाको कार्यालयबाट तयार पेश भएको "संक्षिप्त कृषि गणना, २०७९ स्वीकृत गर्ने ।

निर्णय नं ११

- बर्दघाट नगरपालिकाको "बर्दघाट नगरपालिकाको कृषि उपज संकलन केन्द्र स्थापना सम्बन्धी कार्यविधि २०७९" स्वीकृत गर्ने ।

निर्णय नं १२

- बर्दघाट नगरपालिकाको कार्यालयबाट वितरण हुँदै आईरहेको अपाङ्ग परिचय पत्रलाई थप सहज र सजिलो बनाउन वडागत वा कलष्टरगत रुपमा वितरण गर्ने ।

निर्णय नं १३

- व्यवसाय दर्ता, नविकरण र खारेजी गर्ने कामलाई सजिलो बनाउन, सबै व्यवसायीहरुलाई नगरपालिकाको नियमनको दायरामा ल्याउन वडा कार्यालयबाट व्यवसाय दर्ता नविकरण र खारेजी गर्ने सकिने गरी आवश्यक प्रवन्ध गर्ने ।
- सबै वडा कार्यालयहरुले राजस्व शाखा र सरोकारवालाहरुसँग समन्वय गरी बर्दघाट नगरपालिकाको "आर्थिक ऐन, २०७९" बमोजिम नागरिकहरुलाई कर तिर्न र व्यवसाय दर्ता गर्न सजिलो बनाउन **"कर सहभागिता तथा व्यवसाय दर्ता अभियान २०७९"** संचालन गर्ने ।
- अव्यवस्थित जग्गामा वसोवास गर्ने नागरिकहरुको हकमा एकाघरको परिवारको नाममा जडान भएको विद्युत मिटरको कार्ड पेश गरेमा व्यवसाय संचालन गर्न अनुमतिपत्र उपलव्ध गराउने ।

निर्णय नं १४

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ढ) र सोही दफाको उपदफा ५ वमोजिमको भूमि प्रशासन सम्बन्धि कामहरु बर्दघाट नगरपालिका वडा नं ४ अन्तर्गत रहेको साविक माकर गा. वि. स.को कार्यालयको नवनिर्मित भवनबाट संचालन गर्न आवश्यक व्यवस्था प्रवन्धका लागि भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सिंहदरवार काठमाण्डौलाई अनुरोध गर्ने ।

निर्णय नं १५

- यस बर्दघाट नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित योजना, कार्यक्रम तथा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन,

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

प्रतिवेदन तयारी, स्वीकृति, प्रस्ताव कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन देहाय बमोजिमका खोलाहरुको वातावरणीय परीक्षण गराउने ।

तपशिल

| क्र सं | विवरण | ठेगाना |
|---|---|---|
| १ | गंगटीखोला | बर्दघाट-२ |
| २ | आम्वास खोला | बर्दघाट-२ र १० |
| ३ | सुखौरा खोला | बर्दघाट-२ र १० |
| ४ | चिसापानी -दिव्यनगर खोला | बर्दघाट-२ र ४ |
| ५ | विसया खोला र टि.सि. एन. खोला | बर्दघाट-४ |

- उक्त कार्यको अध्ययन विश्लेषण र पुनरावलोकन गरी सिफारिस गर्न संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा १४ वमोजिम देहायको प्राविधिक समिति गठन गर्ने ।

(क) योजना तथा प्राविधिक महाशाखा/शाखा प्रमुख श्री शान्ति गुरुङ्ग -संयोजक

(ख) आयोजना तथा कार्यक्रमसंग सम्बन्धित क्षेत्रको विषयको विज्ञ श्री बासुदेव पौडेल - सदस्य

(ग) वातावरण तथा विपद् व्यवस्थापन विषय हेर्ने महाशाख/शाखा प्रमुख **श्री पुष्कर काफ्ले - सदस्य**

निर्णय नं १५

- प्रदेश पूर्वाधार विकास प्राधिकरण दाङ्गको च. नं. १९२ मिति २०७९/०५/२७ को आवश्यक सहजिकरण गरिदिने बारेको पत्रमा ठूला ५ वटा आयोजनाहरु सूचीकृत गर्न माग भई आएकोले देहाय वमोजिमका आयोजना छनौट गरी पठाउने ।

| सि.नं | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | चौपत्ता, सपैया, पनैया वाँध निर्माण तथा कूलो सिंचाई | ५, ६, ७, १ र १२ | |
| २ | विजयपुरपुर वाँध निर्माण तथा सतह सिंचाई कार्यक्रम | ११ र १२ | |
| ३ | बुद्धमंगल ताल पर्यटकीय पूर्वाधार संरचना निर्माण | १२ | |
| ४ | [illegible]रचक्रपथ निर्माण | नगरपालिका | |
| ५ | बाउन्न घोला सिमसार प्रवर्द्धन कार्यक्रम | १० | |

वैकल्पिक योजना

| | | | |
|---|---|---|---|
| ३ | विसैयाघोला बाँध निर्माण तथा सतह सिंचाई | २ र ३ | |